# प्रेस विज्ञप्ती

## Domotex, 2019 International Trade Fair मा नेपालको सहभागिता सम्बन्धी पूर्व तयारी कार्य सम्पन्न

जर्मनीको ह्यानोभर शहर स्थित मेला ग्राउण्डमा यही जनवरी ११-१४, २०१९ सम्म The World of Flooring Covering (विशेष गरी गलैंचा) सम्बन्धी Deutsche Messe Ag ले आयोजना गर्ने Domotex 2019 अन्तर्राष्ट्रिय व्यापार मेलामा नेपालको तर्फबाट उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले जर्मन स्थित नेपाली राजदुतावास तथा नेपाल गलैंचा उत्पादक तथा निकासीकर्ता संघको सहकार्यमा केन्द्रको ब्यानरभित्र निम्न ६ वटा नेपाली गलैंचा उद्योग सम्बन्धी कम्पनी एवं व्यवसायीहरुलाई सहभागिता गराई नेपालले भाग लिने सम्बन्धी सम्पूर्ण पूर्व तयारी कार्यहरु सम्पन्न भएको छ ।

### नेपाल पेभिलियनभित्र रहन नेपाली गलैंचा उद्योग सम्बन्धी कम्पनी एवं व्यवसायीहरु

| Company | Name | Post |
|---|---|---|
| **1. Himalayan Decor Rugs** | Mr. Ram Bahadur Gurung<br>Mrs. Shobha Gurung | Exhibitor |
| **2. Rolpa Carpet Industries** | Mr. Shambhu Bikram Thapa | Exhibitor |
| **3. Milha Customs Rugs** | Mr. Sangay Ngotup Lama | Exhibitor |
| **4. Patan Karnali Carpet Industries P. Ltd.** | Mr. Nawang C Lama | Exhibitor |
| **5. Sher Nepal Craft** | Mr. Bhim Prasad Sherchan<br>Mr. Durga Bahadur Rawat | Exhibitor |
| **6. Silk Road Rugs Industries** | Mr. Namlang Tenzing | Exhibitor |

करीव ९० देशका १४०० प्रर्दशनकर्ता सहभागि हुने उक्त मेलामा नेपाल सरकारको सहयोगमा ५० वर्ग मिटर क्षेत्रफलमा नेपाल पेभिलियन निर्माण गरी निजी क्षेत्रका गलैंचा व्यवसायीहरुबाट उक्त अन्तर्राष्ट्रिय मेलामा नेपाली गलैंचाको मौलिक पहिचानका ऊनी, सिल्क एवं अल्लो मिश्रित नमूना गलैंचाहरु प्रदर्शन गरिनेछ । उक्त मेलामा नेपालको प्रतिनिधिमण्डलको नेतृत्व उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव श्री नवराज ढकालले गर्नु हुनेछ । उक्त प्रतिनिधिमण्डलमा श्री ढकालको नेतृत्वमा जर्मन स्थित महामहिम नेपाली राजदुत श्री रमेश प्रसाद खनाल तथा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका उपसचिव श्री प्रेम प्रसाद आचार्य रहनु भएको छ । साथै यस मेलामा सहभागिताका लागि नेपाल गलैंचा उत्पादक तथा निर्यातकर्ता संघका पदाधिकारीहरुको समेत सहभागिता रहनेछ । करीव ६० हजार क्रेता/विक्रेताबाट अवलोकन हुने उक्त व्यापार मेलामा नेपाल पेभिलियनको आकर्षण निर्माण तथा सजावट, नेपाली गलैंचाका नमूना, गलैंचाको गुणस्तर एवं व्यापारको सम्भावना लगायत बहुआयामिक विषयहरुको जानकारीका लागि जर्मन स्थित गैर आवासीय नेपालीहरु, विश्व भरिका उत्कृष्ट नेपाली गलैंचा आयातकर्ताहरु गरी करीब ५००० जति अवलोकनकर्ताबाट नेपाल पेभिलियनको अवलोकन गर्ने अपेक्षा गरिएको छ ।

उक्त मेलाका अवसरमा विभिन्न मुलुकहरुबाट नेपाल पेभिलियन भ्रमण गरी आगामी दिनहरुमा नेपाली गलैंचा आयात गर्न चाहने आयातकर्ताहरु र सो वस्तु तयार गरी निर्यात गर्न चाहने नेपाली निर्यातकर्ताहरु विच जनवरी १२, २०१९ मा B2B बैठक सञ्चालन तथा नेपाल साँझ कार्यक्रमको आयोजना गरिनेछ । नेपाल साँझ कार्यक्रममा जर्मन स्थित निम्न ५ उत्कृष्ट गलैंचा आयातकर्ताहरुलाई नेपालको तर्फबाट नेपाली प्रतिनिधिमण्डलका प्रमुखबाट Import Excellent Award द्वारा सम्मान गरिने कार्यक्रम रहेकोछ । साथै B2B बैठकमा नेपाली गलैंचालाई जर्मन लगायत विश्व बजारमा

प्रवर्द्धन गर्न आगामी दिनहरुमा अपनाउनु पर्ने व्यापारिक रणनीति एवं कार्यनीतिका बारेमा समेत छलफल एवं विचार आदान प्रदान गरिनेछ ।

**<u>उत्कृष्ट गलैंचा आयातकर्ताहरु</u>**

1. OCI ORIENT CARPET IMPORT, GERMANY
2. JAN KATH DESIGN GMBH, GERMANY
3. FRANZ, GERMANY
4. THEO KELLER GMBH, GERMANY
5. TEPPICH KIBEK, GMBH,GERMANY

Room Berlin, Convention Center, Domotex Fair Ground, Hannover मा सञ्चालन हुने B2B बैठक तथा नेपाल साँझ कार्यक्रममा नेपाली गलैंचाको ५ उत्कृष्ट जर्मन आयातकर्ताहरु लगायत विभिन्न राष्ट्रका गलैंचाका निर्यातकर्ता एवं आयातकर्ताहरु गरी करीव ६० जनालाई आमन्त्रण गरिएको छ ।